# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७८/०७९
च.नं.:

मिति: २०७८/०७/२५

**विषय : राष्ट्रिय जनगणना २०७८ सफल पार्न सहयोग गरिदिनुहुन अनुरोध ।**

प्रत्येक दश दश वर्षमा सञ्चालन हुने राष्ट्रिय जनगणनाको १२औं श्रृङखलाको मुख्य गणना कार्य यहि कार्तिक २५ देखि मंसिर ९ गतेसम्म हुन गइरहेको छ । जनगणना देश विकासका लागी आवश्यक पर्ने आधारभूत तथ्याङ्क दिने एक माध्यम हो । यसबाट प्राप्त तथ्याङ्कले राज्यका तिनैतहका सरकारका नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, अनुगमन तथा मूल्यायांकन गर्न सहज हुने भएकाले यो एक महत्वपूर्ण राष्ट्रव्यापी अभियान हो । त्यसैले यसलाई सफल पारि गुणस्तरीय र तथ्यपरक तथ्याङ्कहरुको निर्माणमा सहभागी हुनु हामी सबै नागरिकको कर्तव्य हो ।

राष्ट्रिय जनगणना २०७८ को लागि यस सुनिलस्मृति गाउँपालिकामा सम्पूर्ण तयारी पुरा भइसकेको छ । तोकिएको मिति भित्र मूख्य प्रश्नावालीमा समावेश भएका परिवार तथा व्यक्तिका जनसाङ्ख्यिक, आर्थिक, सामाजिक क्षेत्रहरु समेटिएका प्रश्नहरु सहित तपाई हाम्रो घर घरमा गणकहरु आउँदै हुनुहुन्छ । यसरी आउने गणकहरुलाई आफ्नो तथा आफ्नो परिवारको सही र यथार्थ विवरण टिपाई जनगणनामा सहभागी हुन, यस राष्ट्रिय अभियानलाई यस गाउँपालिकामा सफल पार्न र जनगणनामा व्यक्ति तथा संस्थाले पालना गर्नुपर्ने आचरणहरुको पूर्ण पालना गरिदिनुहुन सम्पूर्ण गाउँबासिहरुमा हार्दिक अपिल गर्दछु ।

२०७८/०७/२५

(गौतम भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत
संयोजक, स्थानीय जनगणना समन्वय समिति
सुलिचौर, रोल्पा